# "नेपालमा कृषि क्षेत्रको विकासमा वित्तीय सेवाको अवस्था, चुनौती र सम्भावना" विषयक गोष्ठी सम्पन्न

नेपाल राष्ट्र बैंकद्वारा पुस ८ र ९ गते **"नेपालमा कृषि क्षेत्रको विकासमा वित्तीय सेवाको अवस्था, चुनौती र सम्भावना"** विषयक राष्ट्रिय गोष्ठी आयोजना गरियो । सो गोष्ठीको उद्घाटनका अवसरमा सम्माननीय प्रधानमन्त्री डा. बाबुराम भट्टराई, माननीय अर्थमन्त्री वर्षमान पुन, कृषि मन्त्री नन्दन कुमार दत्त, गभर्नर डा. युवराज खतिवडाले सम्बोधन गर्नु भएको थियो भने सो गोष्ठीमा मुलुकका कृषि क्षेत्रमा संलग्न र सरोकारवाला ४० भन्दा बढी संस्थाका प्रतिनिधिहरूले भाग लिनु भएको थियो ।




गोष्ठीको उद्घाटन सत्रलाई सम्बोधन गर्दै सम्माननीय प्रधानमन्त्री डा. बाबुराम भट्टराईले दुई तिहाइभन्दा बढी जनता प्रत्यक्ष संलग्न रहेको र मुलुकको कुल गार्हस्थ्य उत्पादनमा एक तिहाइभन्दा बढी योगदान पुर्‍याई रहेको कृषि क्षेत्रको विकास सरकारको उच्च प्राथमिकतामा रहेको बताउनु भयो । कुल गार्हस्थ्य उत्पादनको तुलनामा कृषि क्षेत्रमा आश्रित जनता ज्यादै धेरै  रहेको चर्चा गर्दै उहाँले यस क्षेत्रमा उत्पादकत्व न्यून हुनुको प्रमुख कारण कृषि क्षेत्रमा वित्तीय सेवा न्यून रहेको, बैंकिङ सेवा मूलतः सहर केन्द्रित भएको, मौद्रिक तथा वित्तीय नीतिको प्राथमिकतामा कृषि क्षेत्र पर्न नसकेको कुरा उहाँले सङ्केत गर्नुभयो । ग्रामीण कृषक आफूले लिएको ऋण तिर्न तत्पर रहेका तर, वित्तीय सेवा उनीहरुको पहुँचसम्म पुग्न नसकेको अवस्था छ भने अर्कोतर्फ  नाफाखोरी प्रवृत्तिमा केन्द्रित रहने सहरी क्षेत्रका ग्राहकहरुलाई वित्तीय क्षेत्रले साधन प्रवाह गर्दा  अहिले वित्तीय क्षेत्रमा सङ्कट आएको धारणा राख्दै डा. भट्टराईले यो प्रवृत्तिलाई सच्च्याई उत्पादनशील क्षेत्रमा लगानी गर्न बैंकरहरूसँग आग्रह गर्नुभयो । कुनै पनि बैंक डुबेमा बैंकरको चाहिँ पैसा मात्र डुब्छ तर कृषकको बालीनाली डुबेमा कृषकको त जहाज नै डुब्ने भएकाले कृषि पेसालाई सुरक्षित बनाउन बीमा बिस्तारका सम्बन्धमा गोष्ठीमा छलफल हुने विश्वास व्यक्त गर्दै उहाँले उत्पादक र उपभोक्ताको दूरी कम गर्दै विचौलिया प्रवृत्ति न्यूनीकरण गरी वास्तविक कृषकले सही मूल्य पाउने संयन्त्र बनाउन आग्रह गर्नुभयो । कृषिको व्यावसायीकरण भएमा तमाम युवालाई आकर्षित गर्न सकिने चर्चा

गर्दै डा. भट्टराईले भूस्वामित्व पुनरावलोकन गर्न ढिला भइसकेको कुरा उहाँले व्यक्त गर्नुभयो । कृषि उत्पादनको भण्डारण, मासुजन्य पदार्थ, फलफूल लगायत तुलनात्मक लाभका क्षेत्र पहिचान गरी ग्रामीण क्षेत्रमा लगानी गर्नमा रहेका अप्ठ्याराका सम्बन्धमा सुझाव दिन आग्रह गर्दै यदि यसो नभएमा वाध्यात्मक लगानी नीति ल्याउन पछि नपर्ने दृढता उहाँले व्यक्त गर्नु भयो । आर्थिक समृद्धिको महाअभियानमा कृषिको व्यावसायीकरण र यसका लागि वित्तीय सेवाको पहुँचको अपरिहार्यतामा पनि उहाँले जोड दिनुभयो ।

गोष्ठीलाई सम्बोधन गर्दै कृषि मन्त्री नन्दन कुमार दत्तले खाद्य सुरक्षा अहिलेको विश्वव्यापी मुद्दाका रूपमा उठिरहेको चर्चा गर्दै कृषि क्षेत्रमा उत्पादन मैत्री योजनाको आवश्यकता औंल्याउनु भयो । डेढ दशक अघिसम्म खाद्यान्न निर्यात गर्ने मुलुक अहिले वर्षेनी दुई लाख मेट्रिक ट्रन आयात गर्ने स्थितिमा पुगेको तथ्य प्रस्तुत गर्दै ग्रामीण बालबालिकाले कुपोषणको समस्या भोगिरहनु मुलुकका लागि दुःखदायी स्थिति रहेको चर्चा गर्नुभयो । नेपालको भूमि उर्वर रहेकाले कृषि क्षेत्रबाट द्रूत लाभ लिन सकिने हुँदा यस क्षेत्रमा लगानी गर्न वित्तीय क्षेत्रलाई आग्रह गर्दै अब कुरा नभई काम गर्ने बेला आएको विचार व्यक्त गर्नुभयो ।

गोष्ठीमा मन्तव्य व्यक्त गर्दै अर्थ मन्त्री वर्षमान पुनले वाणिज्य बैंकद्वारा वित्तीय सेवाको मागका सम्बन्धमा बजारको अध्ययन गर्नुपर्ने धारणा राख्नुभयो । प्रतिबद्धताले मात्र केही नहुने भन्दै अर्थ मन्त्री पुनले कृषि क्षेत्रको विकासका लागि योजना, नीति तथा मार्गदर्शन बनिसकेका र सरकारका तर्फबाट आवश्यक सहुलियत दिइसकिएको हुँदा अब सम्बन्धित निकायहरु कार्यान्वयनमा जानुपर्ने धारणा राख्दै गोष्ठीले कार्यान्वयनयोग्य सुझाव दिने विश्वास व्यक्त गर्नुभयो ।

गोष्ठीमा उपस्थित विशिष्ट महानुभावहरूलाई स्वागत एवं विषय प्रवेश गर्दै गभर्नर डा. युवराज खतिवडाले नेपालको आर्थिक क्षेत्र र विशेष गरी कृषि क्षेत्रसँग सम्बन्धित विषयका साथै अघिल्लो दिनको प्राविधिक सत्रमा गोष्ठीसँग सम्बन्धित विषयमा उठाइएका विभिन्न पक्षहरूमा सङ्क्षिप्त प्रकाश पार्नुभएको थियो । उहाँले नेपालको कृषि विकासका लागि भू-उपयोग नीतिबाट नै सुरु गर्नुपर्ने आवश्यकता औल्याउँदै मल-बिउको प्रयोग, कृषि उपजको समर्थन मूल्य, भारतीय उपजसँगको प्रतिष्पर्धा, वित्तीय सेवाको माग र सोको आपूर्ति  प्रविधि र तालिम जस्ता विषयमा सुधारको आवश्यकता औल्याउनु भयो । साथै, उहाँले उत्पादक र उपभोक्ता दूरीको न्यूनीकरण, कृषि उपज भण्डारण व्यवस्थाको आवश्यकता औल्याउँदै यी क्षेत्रको सुधार एवम् विकासका लागि वित्तीय सेवाको विस्तार अपरिहार्य भएकाले सो क्षेत्रका सरोकारवालासँग बृहत् छलफल गरी कार्यान्वयनयोग्य सुझाव तथा निष्कर्ष निकाल्ने उद्देश्यले गोष्ठी आयोजना गरिएको जानकारी दिनु भएको थियो ।

उद्घाटन सत्रको अन्तमा सम्पूर्ण उपस्थित विशिष्ट महानुभावहरूलाई धन्यवाद मन्तव्य व्यक्त गर्दै डेपुटी गभर्नर श्री गोपालप्रसाद काफ्लेले स्थापना कालदेखि नै मुलुकको आर्थिक विकासमा नेपाल राष्ट्र बैंकले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको र वित्तीय क्षेत्रमा निजी क्षेत्रको समेत सघन उपस्थिति भइसकेको सन्दर्भमा कृषिक्षेत्रमा कसरी लगानी बढाउन सकिन्छ भन्ने सन्दर्भमा नेपाल राष्ट्र बैंक सचेत रहेको उल्लेख गर्नु भयो ।

सो गोष्ठी जम्मा ६ सेसनमा ७ वटा कार्यपत्र प्रस्तुत गरी सम्पन्न भएको थियो । पुस ८ गते सम्पन्न तिनवटा सत्रमध्ये पहिलो सत्रमा 'नेपालमा कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकासको अवस्था : सम्भावना र चुनौतीहरु' शीर्षकमा कृषि विभागका कार्यक्रम निर्देशक श्री कमल राज गौतमले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने सो सत्रको अध्यक्षता कृषि तथा

सहकारी मन्त्रालयका सचिब श्री नाथु प्रसाद चौधरीले गर्नुभएको थियो । त्यसै गरी दोस्रो सत्रमा 'नेपालमा कृषि कर्जाको अवस्था : एक सर्वेक्षण' शीर्षकमा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. मीनबहादुर श्रेष्ठले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने अध्यक्षता राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष श्री दीपेन्द्रबहादुर क्षेत्रीले गर्नुभएको थियो । त्यसै गरी तेस्रो सत्रमा नेपाल कृषि सहकारी केन्द्रीय संघका अध्यक्ष श्री खेम बहादुर पाठकले 'कृषि क्षेत्रको विकासमा सहकारी संस्थाहरूको भूमिका : अवसर तथा चुनौतीहरू' शीर्षकको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने सो सत्रको अध्यक्षता राष्ट्रिय सहकारी संघका अध्यक्ष श्री केशव बडालले गर्नुभएको थियो ।

यसै गरी पुस ९ गते सम्पन्न तिनवटा सत्रमध्ये चौथो सत्रमा 'नेपालमा कृषि बीमाको अवस्था, सम्भावना र चुनौती' शीर्षकमा बिमा समितिका अध्यक्ष श्री फत्त बहादुर केसीका साथै 'नेपालमा कृषि कर्जा सुरक्षण व्यवस्था : विद्यमान अवस्था, चुनौती, अवसर तथा भावी रणनीति' विषयमा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक तथा निक्षेप तथा कर्जा सुरक्षण निगमका अध्यक्ष श्री भाष्करमणि ज्ञवालीले गरी दुईवटा कार्यपत्र प्रस्तुत भएको थियो भने सो सत्रको अध्यक्षता अर्थ मन्त्रालयका सचिव श्री कृष्णहरि बास्कोटाले गर्नुभएको थियो । पाँचौ सत्रमा 'कृषि सम्बन्धी लगानी, अनुदान, ऋण, मल बीउ आपूर्ति, बजार र विस्तार सेवा' शीर्षकमा नेपाल कृषि अनुसन्धान परिषदका वरिष्ठ वैज्ञानिक डा. देवेन्द्र गौचनले तथा छैटौं सत्रमा 'कृषि क्षेत्रको विकासमा लघुवित्तको भूमिका : वर्तमान अवस्था, सम्भावना र चुनौतीहरु' विषयमा साना किसान विकास बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत श्री जलनकुमार शर्माले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने ती सत्रको अध्यक्षता क्रमशः नेपाल बैंकर्स संघका अध्यक्ष अशोक शमशेर जबरा र नेपाल राष्ट्र बैंक सञ्चालक समितिका सदस्य प्रा.डा. पार्थिवेश्वर प्रसाद तिमिल्सिनाले गर्नुभएको थियो ।

सो गोष्ठीमा सहभागी कृषि क्षेत्र महत्वपूर्ण अनुभव हासिल गर्नुभएका विशिष्ट व्यक्तिहरूले सक्रियतापूर्वक आआफ्ना विचार व्यक्त गर्नुभएको थियो । उक्त गोष्ठीको औपचारिक उद्घाटन एवं कार्यपत्र सत्रमा उद्घोषणको कार्य गभर्नरको कार्यालयका उपनिर्देशक श्री अशोक कुमार पौडेलले गर्नु भएको थियो ।